राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १५ २०८३ साउन १८ गते सोमवार (3 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## लेखा समितिमा १७ उजुरी, सोमबार छलफल

दैनिक समाचारदाता

काठमाडौं, १७ साउन । प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा चालु कार्यकालमा परेका १७ वटा उजुरीमाथि छलफल गर्न समितिको बैठक सोमबार बस्ने भएको छ।

दिउँसो २ बजे बस्ने बैठकमा समितिमा प्राप्त उजुरीहरूको विवरण प्रस्तुत गर्नुका साथै ती उजुरीमाथि कसरी अघि बढ्ने भन्ने विषयमा प्रारम्भिक छलफल हुने समिति सभापति भरतबहादुर खड्काले जानकारी दिए। बैठकमा प्राप्त उजुरीहरूको विवरण समितिका सदस्यहरूलाई वितरण गरिनेछ। त्यसपछि उजुरीको प्रकृति र गाम्भीर्यका आधारमा आवश्यक छानबिन तथा कारबाही प्रक्रिया तय गरिने जनाइएको छ।

यसैबीच, संघीय संसद् सचिवालयले संसदीय समितिमा दर्ता हुने उजुरीका लागि एकद्वार प्रणाली लागू गर्ने तयारी गरेको छ। उक्त प्रणाली लागू भएपछि एउटै उजुरी एकभन्दा बढी समितिमा दर्ता हुने अवस्था अन्त्य हुने र सम्बन्धित विषयवस्तु हेर्ने समितिले मात्रै त्यसउपर कारबाही गर्ने व्यवस्था हुनेछ।

सोही तयारीअन्तर्गत विभिन्न संसदीय समितिहरूले आफूहरूसमक्ष प्राप्त उजुरीहरूको अवस्था र प्रकृतिबारे समीक्षा गरिरहेका छन्। सार्वजनिक लेखा समितिले पनि यसैक्रममा प्राप्त उजुरीबारे छलफल गर्न लागेको हो।

## सुन प्रतितोला १,८०० रुपैयाँ घट्यो



दैनिक समाचारदाता

जनकपुरधाम, १७ साउन । नेपाली बजारमा आइतबार सुनचाँदीको मूल्य घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य प्रतितोला १ हजार ८ सय रुपैयाँ र चाँदीको मूल्य ४५ रुपैयाँले घटेको हो।

महासंघले आइतबारका लागि छापावाल सुनको मूल्य प्रतितोला २ लाख ८३ हजार २ सय रुपैयाँ निर्धारण गरेको छ। अघिल्लो कारोबार दिन सुन प्रतितोला २ लाख ८५ हजार रुपैयाँमा कारोबार भएको थियो। गत आइतबार भने सुनको मूल्य २ लाख ८७ हजार १ सय रुपैयाँ रहेको थियो।

त्यस्तै, चाँदीको मूल्य पनि प्रतितोला ४५ रुपैयाँले घटेर ४ हजार ३१५ रुपैयाँ कायम भएको छ। अघिल्लो दिन चाँदी प्रतितोला ४ हजार ३६० रुपैयाँमा कारोबार भएको थियो भने गत आइतबार यसको मूल्य ४ हजार ४१० रुपैयाँ रहेको थियो।

# सरकार-हिन्दू मोर्चाबीच आईतवार पुनः सहमति, आन्दोलन फिर्ता

दैनिक समाचारदाता

जनकपुरधाम, १७ साउन । संयुक्त हिन्दू मोर्चा र सरकारबीच आइतबार पुनः वार्ता भएको छ । जनकपुरस्थित यात्री निवासमा गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा भएको वार्तामा थप केही बुँदा समेट्दै मौखिक सहमति भएको छ।

वार्तापछि १३ बुँदे सहमतिलाई परिमार्जन गरी १८ बुँदासम्म विस्तार गरिएको जनाइएको छ। सो क्रममा संयुक्त हिन्दू मोर्चाले आफ्ना मागहरू समेटिएको ज्ञापनपत्र गृहमन्त्री गुरुङलाई बुझाएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार शनिबार राति भएको १३ बुँदे सहमतिमा रहेका केही अस्पष्ट विषयलाई आइतबारको वार्तामार्फत स्पष्ट पारिएको हो। 'हिजो भएको सहमतिमा केही विषय, विशेषगरी लेटरप्याड र हस्ताक्षरसम्बन्धी पक्षमा अस्पष्टता रहेको भन्दै उहाँहरूले कुरा उठाउनुभएको थियो,' प्रमुख जिल्ला अधिकारी लुइँटेलले भने, 'गृहमन्त्रीज्यूले त्यसबारे स्पष्ट पार्नुभयो। वार्ता सकारात्मक रूपमा टुंगिएको छ। मिडियामा आएका केही विषयबारे पनि स्पष्ट पारिएको छ। उहाँहरू सन्तुष्ट हुनुभएको छ र आन्दोलनका कार्यक्रम फिर्ता लिनुभएको छ।'

हिन्दू सम्राट सेनाका केन्द्रीय उपाध्यक्ष कृष्ण सनातनीले पनि वार्तामा केही विषय सच्याइएको र मागहरू सम्बोधन गर्ने प्रतिबद्धता गृहमन्त्रीबाट प्राप्त भएको बताए। 'केही विषय सच्याइएको छ। मागहरू सम्बोधन गर्ने आश्वासन गृहमन्त्रीज्यूले दिनुभएको छ। अब कुनै पनि अवस्थामा गोली चलाउन नदिने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभएको छ,' उनले सञ्चारकर्मीसँग भने।

यसअघि शनिबार राति गृहमन्त्रीलाई बुझाइएको १३ बुँदे मागपत्रमा नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्ने मागदेखि आन्दोलनका कार्यक्रम फिर्ता लिने विषयसम्मका बुँदा समावेश गरिएको थियो।



## के-के थिए हिजो पेश गरेका माग ?

१. दिगो शान्ति, सामाजिक सद्भाव, धार्मिक सहिष्णुता तथा धार्मिक सहअस्तित्वको प्रवर्द्धनका लागि किराँत, बौद्ध लगायतका धर्मावलम्बीसहित ८१ प्रतिशत हिन्दू बहुल रहेको नेपाललाई हिन्दु राष्ट्र कायम गर्ने विषयमा स्पष्ट समयसीमा तोकी सर्वदलीय बैठकमार्फत छलफल प्रक्रिया तीन महिना भित्र अगाडि बढाउनुपर्ने ।

२. जुनसुकै धर्म, सम्प्रदाय वा समुदायले मनाउने चाडपर्व तथा धार्मिक अवसरहरूमा हातहतियार प्रदर्शन गर्ने कार्यलाई नियन्त्रण गर्ने । यस्तो कार्य गर्ने व्यक्ति वा समूहलाई कानुनबमोजिम कार बाही गर्ने ।

३. मठ, मन्दिर, मस्जिद, मदरसा, गुम्बा र चर्चलगायत धार्मिक स्थलमा जडान गरिएका बाहिरी हर्न (लाउडस्पिकर) तथा ध्वनि विस्तारक उपकरणको प्रयोगलाई नियन्त्रण गर्ने। आवश्यक धार्मिक गतिविधिका लागि परिसरभित्र मात्र सीमित ध्वनि प्रयोग गर्ने व्यवस्था मिलाउने।

४. मन्दिर, मस्जिद, गुम्बा, चर्च तथा अन्य धार्मिक स्थलमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरूको अभिलेखीकरण र पहिचान खुलाउने तथा विदेशी नागरिक भए सो को अभिलेख सम्बन्धीत निकायले राखी निगरानी र व्यवस्थापन गर्ने।

५. सामाजिक सञ्जाल वा अन्य माध्यबाट धार्मिक, सम्प्रदायिक, जातीय हिंसा, द्वेष, चरित्र हत्या वा अतिवादी सोच फैलाउने व्यक्तिहरूको पहिचान गरी प्रचलित कानुनअनुसार कारबाही गर्ने।

६. सुनसरी देवानगञ्ज घटनापछि भएको आन्दोलनका क्रममा पक्राउ परेका व्यक्तिहरूमाथि दर्ता भएका मुद्दाहरूको पुनरावलोकन गरी आवश्यक निर्णय लिने तथा सम्बन्धित व्यक्तिहरूलाई कानुनी प्रक्रियाअनुसार रिहा गर्ने।

७. आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचार तथा आवश्यक स्वास्थ्य सेवाको व्यवस्था गर्ने।

८. धार्मिक आयोगहरूको औचित्य आवश्यकता र कानुनी आधारहरूको पुनरावलोकन गरी आवश्यक प्रक्रिया अगाडी बढाउने ।

९. आन्दोलनमा सहभागी नागरिकहरूको सुरक्षा तथा शान्ति सुरक्षाको प्रत्याभूति नेपाल सरकार ले गर्ने।

१०. २०६२/२०६३ साल देखि हाल सम्म प्रदान गरिएको नेपाली नागरिकताको सम्बन्धमा छानबिन गरि विदेशी नागरिकहरुको सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया अगाडी बढाउने ।


११. मदरसा, मस्जिद तथा अन्य धार्मिक संस्थाहरुमा विभिन्न फन्डिङ्गहरु को छानबिन गरी अनुगमन तथा नियमन गरी तत्काल कर्बाही को प्रक्रिया अगाडि बढाउनु पर्ने ।

१२. बाह वर्षीय अनान्द दासको घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानुनी कारबाही गरी पीडित लाई क्षतिपूर्ति समेत दिने।


१३. संयुक्त हिन्दु मोर्चाले आन्दोलनका सबै कार्यक्रम बाजे कै मितिबाट, तत्काल स्थगित गर्ने ।

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# हिमाल जित्ने मानिस, सपना जगाउने मित्र



## सम्पादकीय

## सद्भावको यात्रा अधुरो छ

जनकपुरधाममा शनिबार निकालिएको बृहत् सद्भाव र्‍याली केवल एउटा औपचारिक कार्यक्रम थिएन, यो तनावग्रस्त समाजलाई फेरि विश्वासको बाटोमा फर्काउने सामूहिक प्रयास थियो। ‘हिन्दु-मुस्लिम भाइ-भाइ’ र ‘राष्ट्रिय एकता जिन्दावाद’का नाराले केही दिनदेखि भय, आशंका र अविश्वासले ढाकिएको जनकपुरलाई फेरि सहअस्तित्वको सन्देश सुनायो। र्‍याली सम्पन्न भएको केहीबेरमै कर्फ्यु हटाइनु र जनजीवन क्रमशः सामान्य बन्दै जानु सकारात्मक संकेत अवश्य हो। तर यतिले मात्र संकट समाप्त भएको निष्कर्ष निकाल्नु हतार हुनेछ।

मधेशको इतिहास धार्मिक द्वन्द्वको होइन, सहअस्तित्वको इतिहास हो। जनकपुरधाम मन्दिरहरूको मात्र सहर होइन, विविध भाषा, संस्कृति र समुदायलाई समान सम्मानका साथ अँगालेर अघि बढेको सभ्यताको केन्द्र पनि हो। यही धरातलमा उभिएको समाजमा पछिल्ला दिनमा देखिएको तनावले सबैलाई गम्भीर आत्मसमीक्षा गर्न बाध्य बनाएको छ।

सुनसरीको देवानगञ्ज र सिरहाको गोलबजारमा भएका घटनाले तीन युवाको ज्यान लियो। त्यसपछि फैलिएको आक्रोश, प्रदर्शन, कर्फ्यु र त्रासले देखायो कि एउटा स्थानीय घटना गलत सूचना, अफवाह र उत्तेजनाले कति छिटो व्यापक सामाजिक संकटमा रूपान्तरण हुन सक्छ। त्यसैले हिंसा रोक्नु मात्र पर्याप्त हुँदैन, हिंसाको कारण बन्ने अविश्वास, घृणा र राजनीतिक स्वार्थलाई पनि समयमै नियन्त्रण गर्नुपर्छ।

सद्भाव र्‍यालीमा राजनीतिक दल, सुरक्षा निकाय, धार्मिक अगुवा, नागरिक समाज र सर्वसाधारण एकै स्थानमा उभिनु आफैंमा सकारात्मक सन्देश हो। तर सामाजिक सद्भाव नाराले मात्र जोगिँदैन। न्याय, निष्पक्ष अनुसन्धान र कानुनको समान कार्यान्वयनबाट मात्रै जनविश्वास बलियो बन्छ। सुनसरी र सिरहाका घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही र पीडित परिवारलाई न्याय दिलाउनु नै अहिलेको सबैभन्दा ठूलो सद्भावको आधार हो। न्यायबिना शान्ति दिगो हुन सक्दैन।

यसबीच सामाजिक सञ्जालमार्फत फैलाइने अपुष्ट सूचना र उत्तेजक सामग्री अर्को गम्भीर चुनौती बनेको छ। यस्ता सामग्रीले समाजलाई विभाजित गर्ने काम गर्छन्। त्यसैले नागरिकले पनि कुनै सूचना सत्यापन नगरी साझा नगर्ने जिम्मेवारी निर्वाह गर्नुपर्छ। अभिव्यक्ति स्वतन्त्रताको नाममा सामाजिक वैमनस्य फैलाउने कार्य कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन।

राज्यको भूमिका पनि केवल कर्फ्यु लगाउने वा सुरक्षा बल परिचालन गर्नेमा सीमित हुनु हुँदैन। समुदायबीच निरन्तर संवाद, धार्मिक तथा सामाजिक अगुवाको सक्रिय सहभागिता, युवालाई सकारात्मक अभियानमा जोड्ने प्रयास र द्वन्द्वको सम्भावित जोखिमको समयमै पहिचान गर्ने संयन्त्र विकास गर्न आवश्यक छ। सद्भाव संकट आएपछि गर्ने अभ्यास होइन, संकट आउनै नदिने निरन्तर प्रक्रिया हो।

जनकपुरधामले शनिबार एउटा राम्रो सुरुआत गरेको छ। तर त्यसको सफलताको मापन र्‍यालीमा सहभागीको संख्याले होइन, आगामी दिनमा समाज कति शान्त, सहिष्णु र एकताबद्ध रहन्छ भन्ने आधारमा हुनेछ। मिथिलाको पहिचान विभाजनमा होइन, मेलमिलापमा छ। यही पहिचानलाई जोगाउनु आज राज्य, राजनीतिक नेतृत्व, नागरिक समाज र प्रत्येक नागरिकको साझा दायित्व हो। सद्भावको नारा सडकमा मात्रै घन्किनु हुँदैन; त्यो हाम्रो व्यवहार, सोच र राज्यको न्याय प्रणालीमा पनि प्रतिविम्बित हुनुपर्छ। किनभने समाजलाई जोड्ने शक्ति घृणाभन्दा सधैं ठूलो हुन्छ।

*दीपक आर. जोशी*

केही समाचारहरू यस्ता हुन्छन्, जसलाई सुनेपछि मनले तुरुन्तै स्वीकार गर्न सक्दैन। केही क्षणहरू यस्ता हुन्छन्, जहाँ शब्दहरू आफैं मौन बन्छन्।

विश्वप्रसिद्ध पर्वतारोही निर्मल पुर्जा ‘निम्सदाइ’को असामयिक निधनको समाचार त्यस्तै एउटा क्षण बन्यो।

संसारले एक अद्वितीय पर्वतारोही गुमाएको छ। नेपालले आफ्नो साहसी पुत्र गुमाएको छ। र, मैले एउटा प्रिय मित्र गुमाएको छु।

निम्सदाइसँग मेरो पहिलो भेट सन् २०१७ मा काठमाडौंको रोयल सिंही होटलमा भएको थियो। उहाँ त्यतिबेला बेलायती सेनाको प्रतिष्ठित जागिर त्यागेर पहिलो पटक सगरमाथा आरोहणको तयारीमा हुनुहुन्थ्यो। धेरैका लागि त्यो निर्णय जोखिमपूर्ण थियो। तर, उहाँसँग केही समय बिताएपछि मैले बुझें- उहाँ सामान्य मानिसको बाटो हिँड्ने व्यक्ति होइन। उहाँसँग एउटा यस्तो दृष्टि थियो, जसले सीमाभन्दा पर सोच्थ्यो। उहाँले जागिर छाडेको थिएन; उहाँ आफ्नो वास्तविक गन्तव्यतर्फ यात्रा सुरु गर्दै हुनुहुन्थ्यो।




त्यसपछि वर्षौंसम्म हाम्रो भेट विभिन्न कार्यक्रम, छलफल, बैठक, ठमेलका क्याफे र बारहरू, अनि काठमाडौं मेरियट होटलमा भइरहन्थ्यो। उहाँसँगको प्रत्येक भेट औपचारिकभन्दा धेरै आत्मीय हुन्थ्यो। हामी हिमाल, पर्यटन, नेपाल, विश्व र भविष्यका सम्भावनाबारे लामो समयसम्म छलफल गर्थ्यौं। उहाँले नेपालका हिमाललाई केवल आरोहणको गन्तव्यका रूपमा होइन, विश्वलाई प्रेरणा दिने सम्पूर्ण साहसिक पर्यटनको केन्द्रका रूपमा हेर्नुहुन्थ्यो।

उहाँसँग एउटा दुर्लभ गुण थियो- ठूलो सपना देख्ने र त्यसलाई पूरा गर्ने साहस। संसारले उहाँलाई ‘प्रोजेक्ट पोसिबल’मार्फत चिन्यो। १४ वटै आठ हजार मिटरभन्दा अग्ला हिमाललाई अभूतपूर्व समयमा आरोहण गरेर उहाँले इतिहास रच्नुभयो। तर, मेरो विचारमा उहाँको सबैभन्दा ठूलो उपलब्धि त्यो कीर्तिमान मात्र थिएन।

उहाँले संसारलाई देखाउनुभयो कि, नेपाली साहस, अनुशासन, नेतृत्व र संकल्पको कुनै सीमा हुँदैन। उहाँले नेपाली पर्वतारोहीलाई केवल सहयोगी वा गाइडको रूपमा होइन, विश्व पर्वतारोहणको अग्रपङ्क्तिको नेतृत्वकर्ता रूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान दिनुभयो। आधुनिक पर्वतारोहणको इतिहासमा उहाँको योगदान एउटा कोसेढुङ्गा हो। उहाँले विश्वलाई एउटा सन्देश दिनुभयो- नेपालीहरू केवल हिमालमा सहयोग गर्ने पात्र होइनन्; उनीहरू विश्व पर्वतारोहणको नेतृत्व गर्नसक्ने क्षमता राख्छन्।

वर्षौंसम्म अन्तर्राष्ट्रिय पर्वतारोहण क्षेत्रमा नेपालीहरूको योगदान विशाल भएपनि उनीहरूको पहिचान अपेक्षित उचाइमा पुग्नसकेको थिएन। निम्सदाइले त्यो धारणा बदल्नुभयो। उहाँले नेपाली पर्वतारोहीको आत्मविश्वासलाई अन्तर्राष्ट्रिय पहिचानमा रूपान्तरण गर्नुभयो। उहाँको सफलताले हजारौं युवा नेपालीलाई आफ्नै क्षमतामा विश्वास गर्न सिकायो।

हाम्रो कुराकानीमा एउटा विषय बारम्बार दोहोरिन्थ्यो- नेपालको पर्वतीय पर्यटनलाई कसरी नयाँ उचाइमा लैजाने ? उहाँसँग अनगिन्ती विचार थिए। आरोहणलाई सुरक्षित, व्यवस्थित र अझ सम्मानजनक बनाउने; नेपाली गाइड र पर्वतारोहीको अन्तर्राष्ट्रिय ब्रान्ड निर्माण गर्ने; हिमाली पर्यटनलाई वर्षभरि चलायमान बनाउने र नेपालको साहसिक पर्यटनलाई विश्वकै उत्कृष्ट गन्तव्यका रूपमा स्थापित गर्ने। उहाँको सोच
तत्कालीन सीमाभन्दा धेरै अगाडि थियो।

तर, त्यही उत्साहको बीचमा उहाँको एउटा पीडा पनि थियो। नेपालका कठोर, ढिलो र परम्परागत प्रशासनिक संरचनाले उहाँलाई धेरै पटक निराश बनाउँथ्यो। अन्तर्राष्ट्रिय स्तरमा तुरुन्तै गर्न सकिने सुधारहरू किन वर्षौं अल्झिन्छन् ? किन विश्वले नेपालबाट अपेक्षा गरेको परिवर्तन हामी आफैं ढिलो गर्छौं ?

यस्ता प्रश्नहरू उहाँले खुला रूपमा मसँग राख्नुहुन्थ्यो। उहाँको त्यो स्पष्टता कहिलेकाहीँ असहज लाग्नसक्थ्यो, तर त्यो आलोचना होइन-नेपालप्रतिको गहिरो माया थियो।

म उहाँप्रति एउटा व्यक्तिगत कृतज्ञता पनि व्यक्त गर्न चाहन्छु। उहाँले आफ्ना सपना, आफ्ना चिन्ता र आफ्ना आकांक्षाहरू मसँग खुलेर साझा गर्नुभयो। त्यो विश्वास मेरा लागि सधैं सम्मानको विषय रहनेछ।

प्रिय निम्स दाइ, तपाईंले उठाउनुभएका नीतिगत सुधारका मुद्दाहरू, पर्वतीय पर्यटनलाई अझ सुरक्षित, व्यवस्थित र विश्वसनीय बनाउने अभियान र नेपाली पर्वतारोहीको सम्मानका लागि उठाइएका आवाजहरू अब रोकिने छैनन्। हामीले आ-आफ्नो ठाउँबाट त्यो अभियानलाई निरन्तरता दिनुपर्छ। तपाईंप्रतिको सच्चा श्रद्धाञ्जली यही हुनेछ।

निम्सदाइको व्यक्तित्वको अर्को विशेषता उहाँको ऊर्जा थियो। उहाँ जहाँ पुग्नुहुन्थ्यो, त्यहाँ आशावाद फैलिन्थ्यो। उहाँसँग केहीबेर बस्दा नै मानिस ठूलो सपना देख्न प्रेरित हुन्थ्यो। विश्वव्यापी प्रसिद्धि, असाधारण उपलब्धि र सम्मान प्राप्त गरिसक्दा पनि उहाँमा अहंकार थिएन। उहाँ अझै पनि सहज, खुला र आफ्नै शैलीमा सबैसँग घुलमिल हुने व्यक्ति हुनुहुन्थ्यो। यही कारणले उहाँ केवल सफल पर्वतारोही मात्र होइन, असंख्य युवाका रोल मोडल बन्नुभयो।

आज उहाँको बिदाइले एउटा गहिरो प्रश्न पनि छोडेको छ- अब हामीले उहाँका सपनाहरूलाई कसरी अघि बढाउने ? निम्स दाइको सम्झना केवल शोकसभामा सीमित हुनुहुँदैन। उहाँले देखेको नेपाल, उहाँले चाहेको पर्वतीय पर्यटन र उहाँले कल्पना गरेको विश्वस्तरीय प्रणाली निर्माण गर्नु नै उहाँप्रतिको सच्चा सम्मान हुनेछ। नेपालसँग विश्वकै अनुपम हिमाल छन्। अब हामीसँग उहाँले छोडेर जानुभएको प्रेरणा पनि छ। त्यसलाई नीतिमा, व्यवहारमा र नेतृत्वमा रूपान्तरण गर्नसके मात्र उहाँको विरासतलाई न्याय गर्न सकिन्छ। यस दुःखद घडीमा उहाँकी परिवार, आफन्तजन, साथीभाइ तथा उहाँसँगै जीवन गुमाउने सम्पूर्ण पर्वतारोहीहरूको परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछु। उहाँहरूको पीडामा सम्पूर्ण राष्ट्र सहभागी छ।

*प्रिय निम्सदाइ,*

तपाईंले संसारका सर्वोच्च शिखरहरू जित्नुभयो। तर, त्योभन्दा पनि ठूलो कुरा, तपाईंले मानिसहरूको मन जित्नुभयो। तपाईंले नेपाललाई नयाँ उचाइमा चिनाउनुभयो। तपाईंले एउटा पुस्तालाई असम्भवलाई चुनौती दिन सिकाउनुभयो।

आज तपाईं हामीबीच रहनु भएन, तर हरेक पटक कुनै नेपालीले आत्मविश्वासका साथ कुनै नयाँ शिखरतर्फ पाइला चाल्नेछ, हरेक पटक संसारले नेपाली पर्वतारोहीको सम्मान गर्नेछ, र हरेक पटक हिमालले साहसको कथा सुनाउनेछ- त्यहाँ तपाईं जीवित हुनुहुनेछ। तपाईं हिमाल मात्रै चढ्नुभएन, तपाईं आफैं एउटा हिमाल बन्नुभएको छ।

हार्दिक श्रद्धाञ्जली, प्रिय मित्र।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।
वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।
मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।
कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।
सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।
कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।
तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।
वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।
धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।
मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।
कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।
मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# 'मिस नेपाल' बनेर दीपमालाले रचिन् ३ कीर्तिमान



काठमाडौं । दीपमाला ढकाल मिस नेपालको उपाधि जित्ने पहिलो गैरआवासीय नेपाली बनेकी छन् । रोचक के छ भने, उनी गैरआवासीय नेपाली संघ (एनआरएनए) को वर्तमान कार्यसमितिमा हङकङबाट 'दोस्रो पुस्ता संयोजक' पदमा कार्यरत छिन् ।

शनिबार बेलुका सम्पन्न प्रतिस्पर्धात्मक फिनालेमा ढकालले तीन राष्ट्रिय कीर्तिमान रचिन् । पहिलो- मिस नेपाल बन्ने पहिलो गैरआवासीय नेपाली । अहिलेसम्म थुप्रै गैरआवासीय नेपाली युवतीले मिस नेपालमा प्रतिस्पर्धा गरेपनि उपाधि जित्न सकेका थिएनन् ।

विद्यार्थी भिसामा पढ्न गएकाहरू फर्किएर मिस नेपालको उपाधि जितेको भएपनि विदेशमै स्थायी बसोबास गर्ने (एनआर एनएको दोस्रो पुस्ता) ले उपाधि जितेको थिएनन् ।

दोस्रो कीर्तिमान- मिस नेपाल आयोजक संस्था द हिडन ट्रेजर सँग अनुबन्धित डायस्पोराको उपाधि पनि जितेर लगातार मिस नेपालको मुख्य उपाधि जित्नु पनि यो पहिलोपटक हो । मिस नेपालमा दीपमालाको प्रवेश मिस नेपाल हङकङको उपाधि जितेसँगै पक्का भएको हो ।

डायस्पोराको उपाधि जितेयता लगातार मिस नेपालकै उपाधि जितेको यो पहिलो घटना हो ।

तेस्रो कीर्तिमान- दीपमाला ग्रान्ड फिनालेमा ४ सहविधा जित्ने पहिलो प्रतियोगी बनिन् । यसअघि एकैजनाले यति धेरै सहविधा जितेका थिएनन् ।

दीपमालाले मिस भिजिनरी ग्रीन, मिस हेल्थ हार्मोनी, मिस कन्फिडेन्स र ब्यूटी विथ पर्पसजस्ता महत्वपूर्ण सहविधा जितिन् । केही विधाको जितले उनलाई सिधै सेमीफाइनलमा प्रवेश गरायो भने 'ब्युटी विथ पर्पस'ले उनलाई आगामी मिस वर्ल्डको तयारी गर्न सहज हुने बुझ्न सकिन्छ ।

अर्कोतर्फ, एनआरएनएमा 'दोस्रो पुस्ता' भन्नाले विदेशमा जन्मिएका वा हुर्किएका नेपाली मूलका बालबालिका तथा युवालाई बुझिन्छ, जो नेपालसँग भावनात्मक, सांस्कृतिक र साङ्गठनिक रूपमा जोडिन चाहन्छन् ।


त्यसको प्रतिनिधित्व दीपमालाले गरेकी छन् । हङकङमा हुर्किएर , उतै अध्ययन गरेकी दीपमालाको मिस नेपालको यात्रा पछाडि भने आमाले थालेको ब्यूटी पेजेन्टको विरासत लुकेको छ ।

उनकी आमा रोशनीले सन् १९९४ मा मिस नेपालमा प्रतिस्पर्धा गरेकी थिइन् । उपाधि जित्ने आमाको अधुरो सपनालाई छोरी दीपमालाले पूरा गरिदिएकी छिन् । आमाको विरासत उनको मिस नेपाल प्रतिस्पर्धासँग जोडिएको छ ।

उनको जितमा गैरआवासीय नेपाली संघले पनि उत्साहजनक प्रतिक्रिया दिएको छ । एनआरएनए उपाध्यक्ष रोजिना प्रधान दीपमालाको जितले गौरवशाली पारिवारिक इतिहासको निरन्तरता पाएको र गैरआवासीय नेपालीको ठूलो उपलब्धि रहेको प्रतिक्रिया दिएकी छन् ।

अब दीपमालासहित मिस नेपाल इन्टरनेसनल आर्या निशान्त र मिस नेपाल कस्मो कशिश सुब्बाले आयोजक संस्था द हिडन ट्रेजरको मातहत रहेर एकवर्ष काम गर्नुपर्ने हुन्छ । यसबाहेक, दीपमाला अर्को वर्षको मिस वर्ल्डको तयारीमा जुट्नुपर्ने हुन्छ । साथै, आर्याले जापानमा हुने मिस इन्टरनेसनल र कशिशले भियतनाममा हुने मिस कस्मोको प्रतिस्पर्धामा जानुपर्ने हुन्छ ।

# कस्ता खानेकुराले कमजोर बनाउँछ पाचन प्रणाली ?



जनकपुरधाम । पाचन प्रणाली जीवले खाना खाने र पचाउने क्रियासँग सम्बन्धित प्रणाली हो। खाना मुखबाट प्रवेश गरी ग्यास्ट्रोइन्टेस्टाइनल (जीआई ट्र्याक्ट) का खाली अङ्गहरू हुँदै गुदासम्म पुग्छ। कलेजो, प्यान्क्रियाज र पित्ताशय पाचन प्रणालीका ठोस अंगहरू हुन्।
पाचन प्रणालीलाई कमजोर बनाउने मुख्य खानेकुराहरूमा चिल्लो तथा तारेका परिकार, अत्यधिक जंकफुड र प्रशोधित खाना, साथै धेरै मसलादार वा पिरो खानेकुरा पर्ने पोषणविद् अतुल उपाध्याय बताउँछन्। उनका अनुसार यी खानेकुराहरूले पेटमा ग्यास, अपच र कब्जियत गराउँछन्।

***पाचन प्रणालीका लागि हानिकारक खानेकुराहरू***
चिल्लो र तारेका खानेकुरा: पिरो, बोसोयुक्त र डिप फ्राइ गरिएका खानेकुरा पचाउन पेटलाई धेरै समय लाग्छ, जसले गर्दा सुस्तता आउँछ।

***प्रशोधित र जंकफुड:*** प्याकेटका खानेकुरा, चाउचाउ र बिस्कुटमा फाइबर नहुने हुँदा पेटको स्वास्थ्य बिग्रन्छ।

***अतिरिक्त चिनी र कृत्रिम गुलियो:*** कोल्ड ड्रिंक्स र मिठाईले पेटका राम्रा ब्याक्टेरियालाई असर गर्छन्।

***मैदाजन्य वस्तुहरू:*** पाउरोटी वा मैदाबाट बनेका विभिन्न परिकारहरूले कब्जियत बढाउँछन्।

***बच्ने उपायहरू***
*ताजा खाना:* सधैं ताजा र घरमै बनेको सादा खाना खानुहोस्।

*फाइबरयुक्त आहार:* सलाद, हरिया सागसब्जी र फलफूल दैनिक सेवन गर्नुहोस्।

*प्रशस्त पानी:* दिनभरिमा शरीरलाई पुग्ने गरी शुद्ध पानी पिउने बानी बसाल्नुहोस्।

# फेसबुकमा ब्रान्ड कसरी बनाउने ?



काठमाडौं । मेटाको फेसबुक एप प्रयोग गर्ने मानिसहरूको संख्या तीन अर्बभन्दा बढी पुगेको छ। बीचमा फेसबुकको प्रयोग घट्न थालेको चर्चा चलेको थियो। अहिले रिल्स फिचर लोकप्रिय भएपछि मानिसहरूले यस एपमा धेरै समय बिताउन थालेका छन्। इन्स्टाग्राम, टिकटक र युट्युब जस्ता प्लेटफर्म निकै अगाडि छन्। तर फेसबुक अझै पनि समाचार पढ्न र साथीभाइसँग जोडिन मुख्य माध्यम बनेको छ। मार्केटर्सका लागि फेसबुकमा व्यापार बढाउने राम्रो अवसर छ।

फेसबुकमा ब्रान्ड बनाउन सबैभन्दा पहिले आफ्नो अडियन्सको अध्ययन गर्नुपर्छ। यसका लागि फेसबुकको अडियन्स इन्साइट्स टुल प्रयोग गर्न सकिन्छ। यो टुलले पेजका फलोअरहरूको उमेर, लिङ्ग र रुचिको विवरण दिन्छ। यसले अरू उस्तै ब्रान्डहरूको काम र पोस्ट गर्ने शैली पनि देखाउँछ। मेटाको एड्स लाइब्रेरीबाट अरू ब्रान्डले चलाएका विज्ञापनहरू हेर्न सकिन्छ। यसबाट कस्तो मेसेजिङ र क्रिएटिभले राम्रो नतिजा दिएको छ भन्ने थाहा हुन्छ। मेटा एआईसँग प्रश्न सोधेर आफ्नो क्षेत्रका ट्रेन्ड र इन्फ्लुएन्सरहरूको जानकारी लिन सकिन्छ। मेटाको क्रिएटर मार्केटप्लेसबाट फेसबुक र इन्स्टाग्रामका डिजिटल क्रिएटरहरू खोज्न सकिन्छ। क्रिएटर मार्केटप्लेसमा उनीहरूको इंगेजमेन्ट र अडियन्सको विवरण पनि हुन्छ। विज्ञापन चलाउने ब्रान्डहरूले आफ्ना फलोअरको रुचि बुझेर नयाँ अडियन्स बनाउन सक्छन्।
यी सबै जानकारीका आधारमा कन्टेन्ट र विज्ञापनको रणनीति बनाउनुपर्छ। मेटाको 'एडभान्टेज प्लस' एआई टुलले सही मानिससम्म विज्ञापन पुऱ्याउन मद्दत गर्छ। अर्गानिक कन्टेन्टका लागि पनि मेटासँग एआई टुलहरू छन्। स्पष्ट लक्ष्य राखेर नियमित पोस्ट गर्दा फेसबुकमा ब्रान्ड सजिलै बढाउन सकिन्छ।

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com, मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# सुनसरीको तनावले सिरहामा करोडौंको क्षति

दैनिक समाचारदाता

सिरहा, १७ साउन । सुनसरीको देवानगञ्जमा भएको घटनापछि उत्पन्न तनावको प्रभाव मधेश प्रदेशका विभिन्न जिल्लामा फैलिएको छ। विशेषगरी सिरहा र धनुषामा प्रदर्शन चर्किंदा जनधनको ठूलो क्षति भएको छ।

११ साउनमा सुनसरीको देवानगञ्ज गाउँपालिका(३, कप्तानगञ्जमा दुई समुदायबीच भएको झडप नियन्त्रणमा लिने क्रममा प्रहरीले चलाएको गोली लागेर स्थानीय २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो। उक्त घटनापछि मधेशका विभिन्न जिल्लामा विरोध प्रदर्शन सुरु भएको थियो।



१४ साउनमा सिरहामा भएको प्रदर्शन उग्र बन्दै गएपछि प्रदर्शनकारी र प्रहरीबीच विभिन्न स्थानमा झडप भएको थियो। झडपका क्रममा प्रहरीले चलाएको गोली लागेर औरही गाउँपालिका(२ का १५ वर्षीय गणेश यादवको मृत्यु भयो। त्यसपछि प्रदर्शन थप चर्किंदा आक्रोशित समूहले घर, पसल तथा व्यापारिक प्रतिष्ठानमा आगजनी र तोडफोड गरेका थिए।

एकै दिन भएको आगजनी र तोडफोडबाट सिरहामा करोडौं रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिए पनि त्यसको यकिन विवरण नेपाल प्रहरीले हालसम्म सार्वजनिक गरेको छैन।

सुनसरीको कप्तानगञ्जबाट सुरु भएको तनावका क्रममा सुनसरीमा दुई र सिरहामा एक गरी तीन जना युवाको ज्यान गएको छ। घटनामा प्रदर्शनकारी र सुरक्षाकर्मीसहित दुवै पक्षका दर्जनौं व्यक्ति घाइते भएका छन्। आगजनी र तोडफोडमा संलग्न रहेको आरोपमा केही व्यक्तिलाई प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको छ।

# खैरो हेरोइनसहित ३ जना समातिए



दैनिक समाचारदाता

काठमाडौं,१७ साउन । झापामा लागु औषध खैरो हेरोइनसहित तीन जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरूमा सुनसरीको इटहरी उपमहानगरपालिका-१० तरहराका ३४ वर्षीय बुद्ध राई, मोरङको मिक्लाजुङ गाउँपालिका-२ की २३ वर्षीया रोमी लिम्बू र झापाको दमक नगरपालिका-७ का २२ वर्षीय करण मल्लिक छन् । उनीहरूलाई इलाका प्रहरी कार्यालय दमकको टोलीले पक्राउ गरेको हो ।

उनीहरूको साथबाट १ ग्राम ५२० मिलिग्राम खैरो हेरोइन र ४ हजार ९६० क्याप्सुल ट्रामाडोल बरामद भएको छ । साथै दुई थान स्कुटर पनि नियन्त्रणमा लिइएको प्रहरीले बताएको छ ।

# थाइल्यान्डबाट ११ किलो गाँजासहित तीन भारतीय पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, १७ साउन । थाइल्यान्डबाट करिब ११ किलोग्राम गाँजा ल्याएको आरोपमा तीन भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतको पञ्जाबका ३० वर्षीय सोनी, २३ वर्षीय जागरूप सिंह तथा हरियाणाका २२ वर्षीय साहिल रहेका छन्। उनीहरूलाई लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वरको टोलीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो।

प्रहरीका अनुसार शनिबार राति क्याथे प्यासिफिक एयरवेजको उडानमार्फत दुई भारतीय नागरिक थाइल्यान्डबाट हङकङ हुँदै काठमाडौं आएका



थिए। उनीहरूले ल्याएको गाँजा बुझ्न अर्को एक भारतीय नागरिक विमानस्थल पुगेका बेला तीनै जनालाई नियन्त्रणमा लिइएको हो।

प्रहरीले उनीहरूबाट करिब ११ किलोग्राम गाँजा बरामद गरेको जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सिरहाको गोलबजारमा कर्फ्यू हटाइयो

दैनिक समाचारदाता

सिरहा, १७ साउन । जिल्ला प्रशासन कार्यालय सिरहाले गोलबजार नगरपालिका क्षेत्रमा जारी कर्फ्यू आदेश पूर्ण रूपमा हटाएको छ । प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलद्वारा जारी सूचनाअनुसार जिल्लाको पछिल्लो सुरक्षा अवस्थाको विश्लेषण तथा समीक्षापछि आज साँझ ७ बजेदेखि कर्फ्यू आदेश हटाइएको हो ।

प्रशासनले सुरक्षा अवस्था सामान्य बन्दैगएको निष्कर्षपछि कर्फ्यू हटाउने निर्णय गरिएको जनाएको छ । यससँगै गोलबजार क्षेत्रमा अब कर्फ्यू आदेश लागू नहुने भएको छ । यसअघि प्रशासनले सुरक्षा अवस्थाको समीक्षा गर्दै आज बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म कर्फ्यू खुकुलो बनाएको थियो । सो अवधिमा सवारीसाधन सञ्चालनमा सहजीकरण गरिएको भएपनि ५ जनाभन्दा बढी व्यक्तिको समूहमा भेला नहुन प्रशासनले आग्रह गरेको थियो ।

# नेपाल कानुन आयोग ऐन संशोधन गर्दै सरकार

दैनिक समाचारदाता


काठमाडौं, १७ साउन । सरकारले नेपाल कानुन आयोग ऐन संशोधन गर्ने तयारी गरेको छ । कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले यस सम्बन्धी विधेयक तयार पारेको छ । तयार विधेयकको मस्यौदाउपर सर्वसाधारणसँग राय माग गरिएको छ ।

हाल नेपाल कानुन आयोग ऐन २०६३ कार्यान्वयनमा छ । यो ऐनले आयोगको जस्तो संरचना बनाएको छ यसमा परिवर्तन गरेर आयोगको पुनर्गठन गर्ने अवधारणा विधेयकमा छ ।

हाल आयोगमा अध्यक्ष, उपाध्यक्ष र सदस्यको व्यवस्था छ । प्रस्तावित विधेयकमा कानुन न्याय तथा संसदीय मामिला मन्त्री नै कानुन आयोगको अध्यक्ष हुने प्रावधान प्रस्तावित छ ।

आयोगको कार्यक्षेत्र विस्तारको विषय पनि विधेयकमा समावेश



छ । कानुन कार्यान्वयनको मूल्यांकन गर्ने, नेपाल कानुन सूचना प्रणाली सञ्चालन गर्ने, प्रदेश तथा स्थानीय तहका कानुनहरूको अध्ययन र पुनरावलोकन गर्ने विषय समेटिएको छ ।

अन्तर्राष्ट्रिय सन्धिहरूको अध्ययन गरी सरकारलाई सिफारिस गर्ने विषय पनि राखिएको छ ।

कानुन आयोगको अध्यक्ष कानुन, न्याय तथा संसदीय मामिलामन्त्री नै हुने भएपछि उपाध्यक्ष र सदस्यबीच जिम्मेवारी बाँडफाँट गर्न सकिने कार्य विभाजनको विषय राखिएको छ । उपाध्यक्षको भूमिका आयोगको दैनिक काम समन्वय गर्ने, अध्यक्षले तोकेका जिम्मेवारी निर्वाह गर्ने भनिएको छ । आयोगमा उपाध्यक्ष र सदस्य पूर्णकालीन पदाधिकारी हुनेछन् । संवैधानिक निकायका पदाधिकारीसरह सुविधा पाउनेछन् ।

# ‘सद्भावको अभ्यासले रोक्छ हिंसा’




दैनिक समाचारदाता

नेपालगञ्ज १७ साउन । सुनसरी र सिरहामा देखिएको सामुदायिक तनावको प्रभाव नेपालगञ्जसम्म फैलिन नदिन शनिबार यहाँ सर्वपक्षीय सद्भाव र्‍याली निकालिएको छ। विभिन्न धर्मका गुरु, राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षाकर्मी, उद्योगी( व्यवसायी, नागरिक समाजका अगुवा तथा सञ्चारकर्मीको सहभागितामा आयोजित र्‍यालीले सामाजिक सद्भाव, सहिष्णुता र एकताको सन्देश दिएको हो।

जिल्ला प्रशासन कार्यालय बाँकेको संयोजनमा आयोजित र्‍याली नेपालगञ्जको बीपी चोकबाट सुरु भई वीरेन्द्र चोकमा पुगेर सम्पन्न भएको थियो। शुक्रबार बसेको सर्वपक्षीय बैठकको निर्णयअनुसार आयोजना गरिएको र्‍यालीमा स्थानीय तह, सुरक्षा निकाय र विभिन्न संघसंस्थाका प्रतिनिधिको उल्लेख्य सहभागिता रहेको थियो।

सुनसरीको देवानगञ्ज गाउँपालिका(३, कप्तानगञ्जमा साउन १० गते भएको घटनापछि पूर्वी तराईका केही जिल्लामा तनाव बढेपछि नेपालगञ्जमा पनि अफवाह र उत्तेजक गतिविधिले पुरानो घाउ बल्झाउने चिन्ता बढेको छ। त्यसलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले सुरक्षा निगरानी कडा बनाउनुका साथै समुदायस्तरमा संवादलाई तीव्रता दिएको जनाएको छ।

बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले अपुष्ट सूचना र अफवाहका आधारमा सामाजिक सद्भाव खलबल्याउने गतिविधिमा संलग्न नहुन सबैसँग आग्रह गरे। ‘सत्यतथ्यमा आधारित सूचनामा मात्र विश्वास गरौं,’ उनले भने, ‘शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न प्रशासन, राजनीतिक दल, नागरिक समाज र सबै समुदायबीच सहकार्य आवश्यक छ।’

***हिंसाले सिकाएको पाठ***

नेपालगञ्जका लागि सामाजिक सद्भाव केवल नारामा सीमित विषय होइन। विगतमा पटक(पटक सामुदायिक हिंसाको पीडा भोगेको यो सहरले शान्ति र सहअस्तित्वको मूल्य व्यवहारमै सिकेको छ।

विशेषगरी २०६३ सालको सामुदायिक हिंसाले नेपालगञ्जलाई गम्भीर रूपमा प्रभावित बनाएको थियो। एक जनाको मृत्यु, दर्जनौं घाइते र ठूलो भौतिक क्षतिपछि प्रशासन तथा नागरिक समाजको पहलमा हिन्दु, मुस्लिम, बौद्ध, शिख र इसाई धर्मगुरुलाई समेटेर अन्तरधार्मिक सञ्जाल गठन गरिएको थियो।

बागेश्वरी मन्दिरका मूलमहन्त चन्द्रनाथ योगीको नेतृत्व र मुस्लिम धर्मगुरु मौलाना अब्दुल जब्बार मन्जरीको सहकार्यमा स्थापना भएको उक्त सञ्जाल अहिले ‘अन्तरधार्मिक तथा सामाजिक सद्भाव समिति’का रूपमा सक्रिय छ। समितिले प्रशासनसँग समन्वय गरी धार्मिक पर्व व्यवस्थापनदेखि समुदायबीच संवाद विस्तारसम्मका काम गर्दै आएको छ।

***‘हामी विभाजन होइन, सहअस्तित्व चाहन्छौं’***

मूलमहन्त योगीले नेपालगञ्जको सामाजिक सद्भाव भत्काउने कुनै पनि प्रयास सफल हुन नदिने बताए। ‘सदियौंदेखि हामी मिलेर बसेका छौं र भविष्यमा पनि मिलेरै बस्नेछौं,’ उनले भने, ‘कसैको स्वार्थका लागि यहाँका नागरिकलाई विभाजित हुन दिँदैनौं।’

मौलाना अब्दुल जब्बार मन्जरीले पनि हिंसाको विकल्प संवाद मात्र भएको उल्लेख गर्दै सुनसरी घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा पीडितलाई न्याय दिलाउन आग्रह गरे।

‘हिंसाले दुःख र पीडाबाहेक केही दिँदैन,’ उनले भने, ‘वार्ता र सहकार्यबाटै शान्ति तथा सद्भाव कायम गर्न सकिन्छ।’

***र्‍यालीभन्दा महत्वपूर्ण निरन्तर संवाद***


नागरिक समाजका अगुवाहरूका अनुसार सद्भाव र्‍यालीले सकारात्मक सन्देश दिए पनि दीर्घकालीन शान्तिका लागि राज्यको सक्रियता, समयमै संवाद, अफवाह नियन्त्रण र प्रभावकारी सुरक्षा संयन्त्र अपरिहार्य छन्।

पूर्वडीआईजी तथा सुरक्षाविद् हेमन्त मल्लले संवेदनशील जिल्लामा अनुभवी प्रशासनिक तथा सुरक्षा नेतृत्व, नियमित सुरक्षा विश्लेषण र समुदायसँगको निरन्तर संवाद आवश्यक रहेको बताए। धार्मिक तथा शैक्षिक संस्थाहरूको कानुनअनुसार समान र पारदर्शी अनुगमन हुनुपर्ने उनको धारणा छ।

नेपालगञ्जको अनुभवले हिंसा भइसकेपछि मात्र सुरक्षा परिचालन गर्नु पर्याप्त नहुने देखाएको छ। स्थानीय अगुवाहरूका अनुसार सही सूचना, समुदायबीच विश्वास र निरन्तर संवाद नै सामाजिक सद्भावको बलियो आधार हो।

शनिबारको सद्भाव र्‍यालीले यही सन्देश दिएको छ( सद्भाव हिंसा भएपछि सम्झिने नारा होइन, हिंसा हुन नदिन हरेक दिन अभ्यास गरिने संस्कार हो।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४